**गोकुलगंगा गाउँपालिकाको चालु आ.व. 2079/080 को दोश्रो चौमासिक अवधिसम्मको विकास आयोजना तथा कार्यक्रमको प्रभावकारिता तथा सेवा प्रवाहको अवस्था विषयक**

**सार्वजनिक सुनुवाई कार्यक्रम प्रस्तुति विवरण**

मिति: २०८०/०१/३०

- श्रद्देय गाउँपालिका अध्यक्ष एवम् कार्यक्रमका अध्यक्ष श्री काजी बहादुर खड्काज्यू
- श्रद्देय उपाध्यक्ष श्री उषा कार्कीज्यू
- निवर्तमान गाउँपालिका अध्यक्ष श्री खड्ग बहादुर सुनुवारज्यू
- निवर्तमान गाउँपालिका उपाध्यक्ष श्री राधिका श्रेष्ठ नेवारज्यू
- गाउँपालिका स्तरिय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु
- गाउँपालिकाका छ वटै वडाका वडा अध्यक्षज्यूहरु लगायतका पदाधिकारीज्यूहरु
- नेपाल पत्रकार महासंघ रामेछापका अध्यक्ष बद्री नयाँघरेज्यू लगायत विभिन्न संचार माध्यमबाट पाल्नुभएका संचारकर्मी महानुभावहरु
- विभिन्न कार्यालय र संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरु
- सुरक्षाकर्मी मित्रहरु
- हामिलाई सल्लाह सुझाव र प्रतिक्रिया सहित यस कार्यक्रमको शोभा बढाईदिन यहाँ पाल्नु भएका गोकुलगंगा बासी आदरणिय आमा, वुबा, दाजुभाई तथा दिदी बहिनीहरु
- जिरी एफ.एम. दोलखा र हजुरको रेडीयो रामेछापको प्रत्यक्ष प्रशारण मार्फत हामीलाई सुनेर बस्नु भएका आम गोकुलगंगा बासी आदरणिय आमा, वुबा, दाजुभाई तथा दिदी बहिनीहरु

संघीय शासन प्रणाली अन्तर्गतका संघ, प्रदेश र स्थानीय सरकार मध्ये जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारको क्षेत्राधिकार भित्र आम नागरिकको प्रत्यक्ष सरोकार रहने भएकोले यस गाउँपालिकाको समृद्धी र आम नागरिकको सुख सुविधाका लागि यस गाउँपालिकाबाट संचालन गरिने हरेक गतिविधिहरुमा स्थानीय नागरिकहरुको सक्रिय, अर्थपूर्ण र रचनात्मक सहभागिता आवश्यक छ । स्थानीय नागरिकहरुलाई सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका बारेमा सूचनाको ठुलो महत्व हुन्छ । गाउँपालिकामा रहेको सूचनाले सार्वजनिक सेवा, बस्तु तथा विकास निर्माणमा स्थानीय नागरिकको पहुँच बृद्धीमा महत्वपुर्ण भूमिका खेल्नुका साथै यसले सेवाग्राही र सेवा प्रदायक बीच अपनत्वको भावना विकास गराई सार्वजनिक सेवा र विकास निर्माण कार्यमा सरिक गराउन मद्दत गर्दछ । यसै सेरोफेरोमा स्थानीय सरकारको सेवा प्रवाह र विकास निर्माण कार्यलाई गुणस्तरिय, प्रभावकारी, नतिजामुलक, दिगो र सेवाग्राही मैत्री बनाई पारदर्शिताको माध्यमबाट नागरिक सहभागिता र

सेवा प्रदायकको जवाफदेहिता अभिबृद्धी गर्ने तथा चालु आ.व. २०७९/०८० को दोश्रो चौमासिक अवधिसम्म संचालित विकास आयोजना तथा कार्यक्रमहरुको प्रगती, प्रभावकारीता र सेवा प्रवाहको अवस्थाका बारेमा आम गाउँबासी नागरिकहरुलाई जानकारी गराउन, यस सम्बन्धमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउन एवम् नागरिकबाट प्राप्त रचनात्मक सुझावहरुलाई आगामी दिनमा मार्गदर्शनको रुपमा लिई सार्वजनिक सेवा प्रवाह र विकास निर्माण कार्यहरु गर्ने उद्देश्यका साथ गोकुलगंगा गाउँपालिकाले यो सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको हो ।

सरोकारवाला सर्वसाधारण नागरिक र अधिकारमा बसेका गाउँपालिकाका पदाधिकारीहरु तथा यस अन्तर्गतका कार्यालय, समिति र शाखाका जिम्मेवार र जवाफदेही पदाधिकारी तथा कर्मचारीहरु बीच गाउँपालिकाबाट संचालित सेवा प्रवाह, विकास निर्माण लगायतका सार्वजनिक चासोका विषयमा सार्वजनिक थलोमा गरिने छलफल नै सार्वजनिक सुनुवाई हो । तसर्थ स्थानीय तहमा संचालन हुने सार्वजनिक सेवा तथा वस्तु र विकास निर्माण कार्यलाई सही रुपमा प्रयोग गर्न र पारदर्शिता एवम् जवाफदेहितालाई सुदृढ गर्न सार्वजनिक सुनुवाई कार्यक्रमले महत्वपुर्ण भूमिका खेल्दछ । नागरिकलाई सार्वजनिक निकायले संचालन गरेका गतिविधीहरुका बारेमा सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार सूचनाको हक सम्बन्धी ऐन-२०६४ र सूचनाको हक सम्बन्धी नियमावली-२०६५ ले प्रदान गरेको छ । नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ मा पनि सार्वजनिक निकायले आफुले संचालन गरेका हरेक गतिविधीहरुको बारेमा नागरिकलाई सु-सूचित गराउन सार्वजनिक सुनुवाई गर्नु पर्ने व्यवस्था गरेको छ । यिनै कानूनी प्रावधानहरु समेतका आधारमा आयोजना भएको यस सार्वजनिक सुनुवाई कार्यक्रममा गोकुलगंगा गाउँपालिकाबाट चालु आ.व. २०७९/८० को दोश्रो चौमासिक अवधि र हालसम्मको विकास आयोजना तथा कार्यक्रमहरुको विषय क्षेत्रगत प्रगती र प्रभावकारीता एवम् सेवा प्रवाहको अवस्थाका सम्बन्धमा समग्र प्रगती विवरण प्रस्तुत गर्न अनुमति चाहान्छु ।

## १.सु-शासन तथा संस्थागत विकास तर्फ

### १.१ सेवा प्रवाहका लागि सांगठनिक सुधार तर्फः

- कार्यालय व्यवस्थापन र सार्वजनिक सेवा प्रवाहका लागि गाउँपालिकाको प्रशासकीय भवन ६ वटै वडा कार्यालय भवन, स्वास्थ्य चौकी भवन र गोकुलगंगा असपताल भवन निर्माण भई कार्यालय संचालन भएको र नयाँ ५ तले लिफ्ट सहितको सुविधा

सम्पन्न भवनको निर्माण कार्य गत आ.व. २०७८/०७९ देखिनै सुरु भई निर्माणाधिन अवस्थामा रहेको छ ।

- कार्यालयको स्वीकृत संगठन संरचना, दरवन्दी तेरिज बमोजिम प्रदान गरिने सेवाको प्रकृती, कार्यबोझ र सेवाग्राहीको चापलाई मध्यनजर गरी सेवाग्राही मैत्री सेवा प्रवाह हुने गरी विभिन्न शाखा र ईकाईहरु गठन गरी उपलब्ध जनशक्तिको बाँडफाँड र कार्य जिम्मेवारी तोकी कार्यालय संचालनको व्यवस्था मिलाईएको छ ।
- सेवा प्रवाहलाई सरल, व्यवस्थित र सहज बनाउन आवश्यक कानून र कार्यविधि निर्माण गरी कायान्वयनमा ल्याईएको छ ।
- सेवाग्राहीको सुविधाको लागि सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, नागरिक सहायता कक्ष, कानूनी सहायता कक्ष, र स्तनपान कक्ष समेतको व्यवस्था मिलाईएको छ ।
- कार्यालय अगाडी नागरिक वडापत्र राखी सो वडा–पत्रमा प्रदान गरिने सेवाको किसिम सेवा लिन आवश्यक पर्ने प्रमाणहरु, लाग्ने कर शुल्क दस्तुर र सेवा दिने शाखा र जिम्मेवार कर्मचारी समेत उल्लेख गरिएको छ ।
- व्यक्तिगत घटना अनलाईन मार्फत र सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरणको व्यवस्थाका साथै राजश्व संकलनको अभिलेख चुस्त दुरुस्त राखिएको छ ।
- संचालित विकास निर्माण आयोजना र कार्यक्रमहरुको गुणस्तर र परिमाण कायम गर्नको लागि काममा सहजिकरण, नियमण र अनुगमन / निरिक्षण गर्न वडाध्यक्षको अध्यक्षतामा वडास्तरीय र गाउँपालिकको उपाध्यक्षको अध्यक्षतामा गाउँपालिकास्तरीय अनुगमन तथा सहजिकरण समिति गठन गरी उपभोक्ता समिति र दर्तावाला संघ संस्था मार्फत संचालित आयोजना र कार्यक्रमहरुको स्थलगतरुपमा अनुगमन गरी अनुगमन समितिबाट प्रतिवेदन प्राप्त भएपछिमात्र कामको भुक्तानी दिने व्यवस्था गरिएको छ ।

## १.२ सूचना प्रविधि शाखा

- कार्यालयमा सबै शाखामा इन्टरनेट तथा सिसि क्यामरा जडान गरी कार्यालयलाई प्रविधिमैत्री वनाइएको छ ।
- विकास निर्माण कार्य,कार्यालयको काम र दैनिक सेवा प्रवाह संग सम्बन्धित सूचनाहरु सेवाग्राही, सूचना मांग गर्ने व्यक्ती र संस्थालाई समय सिमा भित्रै उपलव्ध गराइएको छ ।

- नेपाल दुरसंचार प्राधिकरणसंगको समन्वयमा यस गाउँपालिका अन्तरगतका सवै वडा कार्यालयहरु, सामुदायिक विध्यलयहरु र स्वास्थ्य संस्थाहरुमा इन्टरनेट जडान र विस्तार कार्य अन्तिम चरणमा पुगेको छ ।

## १.३ न्यायिक समिति

- गोकुलगंगा गाउँपालिका अन्तर्गत न्यायिक समितले कानूनी सचेतना को लागी सरोकारवालाहरुसगँ वडास्तिरिय अभिमुखिकरण अर्न्तक्रिया कार्यक्रम यस गाउँपालिकाको ६ वटै वडामा सम्पन्न गरी उक्त कार्यक्रममंमा रु. ३५०००० ।- खर्च गरेकोछ ।
- चालु आ. व . मा कानुन न्याय प्रवर्द्धन तर्फ विनियोजित जम्मा बजेट १० लाख मध्ये बाकी रहेको बजेट बाट वडास्तर मा रहेका मेलमिलाप केन्द्रहरुमा फर्निचर को व्यवस्थापनको लागि आवश्यक प्रकृया अगाडि बढाईएकोछ ।
- चालु आ. व. मा न्यायिक समितिमा दर्ता हुन आएका विभिन्न प्रकृतिका ७२ थान मुद्धा मध्ये ५८ थान मुद्धा मिलापत्र भएका छन् । बाँकी मुद्दाहरुको मिलाप-पत्रको लागि आवश्यक पहलकदमी भई रहेकोछ ।

## १.४. राष्ट्रिय भूमी आयोग रामेछाप,गोकुलगंगा सेवा केन्द्र तर्फ

- भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोबासीको पहिचान, लगत संकलन, प्रमाणिकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजिकरण गर्नका लागि गाउँपालिका अध्यक्षको अध्यक्षतामा गाउँपालिका स्तरिय र वडा अध्यक्षको अध्यक्षतामा वडास्तरीय सहजिकरण समितिको गठन गरी कार्य प्रारम्भ भएको छ ।
- भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोबासीको लगत संकलन कार्यविधि वमोजिमको लगत संकलन निवेदन फारमको बारेमा सरोकारवाला वडा अध्यक्ष, वडा सचिव र सहायक कम्पुटर अपरेटरहरुलाई अभिमुखीकरण कार्य सम्पन भएको छ ।
- राष्ट्रिय भूमि आयोगबाट प्रकाशित सूचना अनुसार यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट भूमिहिन दलित १८ जना, भूहिन सुकुम्वासी १२ जना र अव्यवस्थित बसोवासी ७७४ जना समेत कुल ८०४ जनाको निवेदनको लगत संकलन कार्य सम्पन्न गरी हाल राष्ट्रिय भूमि आयोगको सफ्टवयरमा लगत प्रविष्टिको कार्य भइरहेको छ ।

## २.सामाजिक विकास तर्फ

### २.१ शिक्षा, युवा तथा खेलकुद शाखा

- शैक्षिक सत्र २०८० बाट गोकुलगंगा गाउँपालिका भरिका सम्पूर्ण विद्यालयमा कक्षा १ भन्दा अघि KG कक्षा थप गरी र कक्षा १ सम्म अंग्रेजी माध्यमबाट पढाइ सञ्चान गरी अंग्रेजी माध्यमका पाठ्यपुस्तक गाउँपालिकाबाट निशुल्क उपलब्ध गराएको ।
- बालविकास कोटा नभएका सातवटा विद्यालयहरुमा गाउँपालिकाबाट बालविकास कोटा उपलब्ध गराएको ।
- सेतो गुरासँको सहयोगमा बालविकास सहजकर्ताहरुलाई तालिमको व्यवस्था गरेको ।
- सम्पूर्ण विद्यालहरुमा निशुल्क इन्टरनेट उपलब्ध गराएको ।
- माध्यमिक विद्यालहरुमा सूचना प्रविधि शिक्षक व्यवस्था गरेको ।
- वार्षिक शैक्षिक क्यालेन्डर निर्माण गरि सम्पूर्ण विद्यालयहरुमा एकरुपताको साथ लागु गरेको ।
- विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा प्रधानाध्यापकहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको ।
- गाउँपालिका अन्तर्गत सञ्चालित आधारभूत र माध्यमिक विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुसँग शैक्षिक गुणस्तर अभिवृद्धिको लागि शैक्षिक समिक्षा तथा अन्क्रिया कार्यक्रम सम्पन्न गरेको ।
- विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान कार्यविधि, २०७९ निर्माण गरी सोको कार्यान्वयन सुरु गरिएको छ ।
- २०८० को बैशाख महिना विद्यार्थी भर्ना अभियान सञ्चालन गरी समयमै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक उपलब्ध गराएको जसको प्रतिफल विद्यालय उमेर समूहका कुनै पनि बालबालिका विद्यालय सेवा भन्दा बाहिर नरहेको ।
- गोकुलगंगा गाउँपालिका स्तरीय तेस्रो राष्ट्रपति रनिङ शिल्ड सञ्चालन गरि सम्पन्न गरेको ।
- आधारभूत तह कक्षा ८ उर्तीण परीक्षा सञ्चालन गरि नतिजा प्रकाशन गर्ने कार्य सम्पन्न भएको छ ।
- विभन्न विद्यालयहरुमा विद्यालयको माग र विद्यार्थी संख्याको आधारमा पुस्तकालय, विज्ञान प्रयोगशाला र आइ सिटि प्रयोगशाला कार्यक्रमहरु वितरण गरी सम्पन्न भएका छन् ।
- स्थानीय पाठ्यक्रम (हाम्रो गोकुलगंगा) कक्षा १ देखि ५ सम्म लागु भइरहेको ।
- संघीय सरकारबाट ससर्त रुपमा वित्तीय हस्तान्त्रण भएका कार्यक्रमहरु जस्तै बाल कक्षा देखि ६ कक्षा सम्म दिवा खाजा कार्यक्रम, कक्षा ८ सम्म छात्रा र दलित छात्रवृति कार्यक्रम, कक्षा १२ सम्मका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको ।

### २.२ स्वास्थ्य शाखा

- १५ महिना सम्मका सम्पुर्ण बाल बालिकाहरुलाई १८ वटा खोप केन्द्र मार्फत नियमित खोप सेवा संचालन भईरहेको ।

- सबै बर्थिङ सेन्टरहरुमा कम्तीमा १ जना SBA तालिम प्राप्त नर्सिङ कर्मचारीको व्यवस्था भएको ।
- वर्थिङ सेन्टरमा सुत्केरी हुने सुत्केरी आमाहरुलाई समयमै यातायात खर्च तथा प्रोत्साहन भत्ता उपलब्ध हुने गरि सबै स्वास्थ्य संस्थाको खातामा रकमको व्यवस्था भएको ।
- हाम्रो बर्थिङ सेन्टरबाट सुत्केरीको लागि रेफर भएका जम्मा १६ जना लाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ ।
- बिपन्न नागरिक औषधि उपचार खर्च सिफारिश अन्तर्गत जम्मा ३३ जना लाई १ लाख सम्म छुटको लागि सिफरिस गरिएको ।
- मृगौला प्रत्यारोपन गरेका,डायलाइसिस गराईरहेका,क्यान्सर रोगि र मेरुदण्ड पक्षाघातका जम्मा ३७ जना मध्ये २३ जना क्यान्सर रोगि,१० जना डायलाइसिस गराईरहेका र ४ जना मेरुदण्ड पक्षाघातका व्यक्तिहरुलाई मासिक रु ५०००।- को दरले औषधी उपचार खर्च रकम बैंक मार्फत भुक्तानी गरिएको छ ।
- ५ देखि ११ बर्ष सम्मका ९३ प्रतिशत बालबालिकाहरुलाई कोभिड १९ बिरुद्धको फाईजर खोपको पहिलो र दास्रो मात्रा लगाएको ।
- १० बर्ष देखि १९ बर्षका किशोरीहरुलाई आईरन चक्की बितरण कार्यक्रम अन्तर्गत प्रत्येक बिधालय,महिला स्वास्थ्य स्वयं सेविका र स्वास्थ्य चौकी मार्फत बर्षमा २३ हप्ता आईरन चक्की बितरण भईरहेको ।
- ५५ बर्ष माथिका सबै व्यक्ति ,गर्भवती,स्वास्थ्यकर्मी तथा दिर्घ रोगिहरुलाई कोभिड १९ बिरुद्धको पि फाईजर खोपको दोस्रो बुस्टर डोज लगाईको ।
- गाउँपालिका अन्तर्गत रहेका सबै स्वास्थ्यकर्मीहरु तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई केन्द्रीय प्रशिक्षक बोलाई बृहत पोषण प्याकेजको तालिम संचालन गरेको ।
- सबै स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क औषधि बितरणको लागि इ-विडिङ्ग द्वारा नियामानुसार प्रकृया पुचाई औषधि खरिद गरि स्वास्थ्य संस्थाहरुमा औषधिको व्यवस्था गरिएको छ ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई पालिका स्तरबाट बार्षिक रु.६०००।-को दरले प्रोत्साहन भत्ता तथा २५०० ।-को दरले संचार खर्चको लागि भुक्तानी गरेको ।
- समग्रमा स्वास्थ्य तर्फ शसर्त तथा निशर्त बिनियोजित बजेटको लगभग ७५ प्रतिशत प्रगति हासिल भएको देखिन्छ ।

## २.३ महिला वालबालिका तथा समाव कलयाण शाखा

- महिला वालवालिका, जेष्ठ नागरिक, दलित, आदिवासि जनजाती तथा आपाङ्गता भएका व्यक्तिहरुलाई सेवा प्रवाह र निजहरुले पाउने सुविधाका सम्बन्धमा सहजिकरण गरेको छ ।
- आपाङ्गताको प्रकृति हेरी चिकित्सकको सिफारीश र कार्यविधि बमोजिम अपाङ्गगता परिचय पत्र वितरण गर्ने गरेको । यस अन्तरगत हाल सम्म ३१ वटा (क वर्ग ) को ४६ वटा ( ख वर्ग ) को १७ वटा ( ग वर्गक) को र ७ वटा ( घ वर्ग ) को समेत कुल १०१ जना लाई यस कार्यलय बाट अपाङ्गता परिचय पत्र वितरण गरिएको छ ।
- स्वास्थ उपाचार र यातायात साधानमा भाडा छुट सुविधाहरुको लागि राज्यको निति बमोजिम ६० बर्ष माथिका कुल ३२९ जना जेष्ठ नागरीकहरुलाई जेष्ठ नागरी परिचय पत्र उपलब्ध गराएको छ ।

- महिला हिंसा विरुद्धको १६ दिने अभियान , नारी दिवश जस्ता दिवसिय कार्यक्रम वडा स्तरमा समेतस संचालन गरी महिला हिंसा न्युनिकरण र महिला सशक्तिकरण गर्न प्रयास गरिएको छ ।
- आमा वाबु विहिन बालवालिका कार्यक्रम अन्तरर्गत सबै वडा कार्यालयहरु समेतको सिफारिशमा यस बर्ष जम्मा १६ जना बालबालिकाहरुको पहिचान भई मासिक रु. २०००/- का दरले निजहरुलाई भत्ता उपलब्ध गराउने तयारी भएको छ ।
- स्विकृत कार्यक्रम र वजेट अनुसार लक्षित बर्गका अन्य कार्यक्रम संचालनको तयारी गरिएको छ ।

## २.४ पन्जिकरण तथा सामाजिक सुरक्षा शाखा

- व्यक्तिगत घटना दर्ता विवरण तर्फ मिति २०७९ साल बैशाख १ गते देखी २०७९ चैत्र मसान्तसम्म गोकुलगंगा गाउपालिकामा जन्म दर्ता संख्या-८०३ जना, मृत्यु दर्ता संख्या-२८६ जना, विवाह दर्ता संख्या -४१४ जना, बसाईसराई- आएको सख्या ११ मा परिवार सख्या १८ जना भएको र वसाईं सरी गएको सख्या-५६ मा परिवार सख्या १६३ जना र सम्बनध विच्छेद भएको सख्या- २८ रहेको छ ।
- गोकुलगंगा गाउँपालिका भित्र सबै वडा कार्यलयहरुमा व्यक्तिगत घटना दर्ता अनलाईन प्रनालीबाट संचालन सुरु गरिएको छ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने वर्गहरुमा अन्य जेष्ठ नागरीक -१६७५ जना, दलित जेष्ठ नागरीक- ९० जना, एकल महिला- १९० जना, विधुवा महिला- २९६ जना, पाँच वर्ष मुनिका दलित बालबालिका पोषण भत्ता - १२२ जना, पूर्ण अपाङ्ग (क वर्ग)- ७८ जना, र अति असक्त (ख वर्ग)- ८८ जना गरी जम्मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने वर्गहरुको संख्या २५३९ जना रहेका छन् ।
- सामाजिक सुरक्षा भत्ता तर्फ चालु आर्थिक वर्ष ०७९/८० मा रु.८ **करोड प्राप्त भएकोमा** *हलसम्म रु.७ करोड ४९ लाख ७८ हजार २८० रुपैया तेस्रो किस्ता सम्मको रकम लाबग्रहीको खातामा* जम्मा भैसकेको छ ।
- चौथो किस्ताको लागि अपुग रकम **रु १ करोड ८८ लाख ७ हजार ३१६ रुपैया** सम्वन्धित निकाय समक्ष माग गरिएको छ ।
- अति असक्त अपाङ्ग र जेष्ठ नागरिकहरुलाई सम्बन्धित वडामा बैंक संगको सहकार्यमा सामाजिक सुरक्षा भत्ता वितरणको व्यवस्था मिलाईएको छ ।

# ३.आर्थिक विकास तर्फ

## ३.१ कृषि विकास शाखा

- कृषि क्षेत्रको विकास र प्रवर्दनवाट नै गाउँ समूद्धि हुने देखिएकोले सबै वडा कार्यलयहरुमा कृषि प्राबिधिको दरवनदी श्रृजना गरी पदपूर्तिको व्यबस्था मिलाई सेवा प्रवाह गरीएको छ ।

- फलफुल , खाध्यान्न र तरकारी वाली विस्तारको लागी कृषकहरुको मागको आधारमा विउ विजन तथा वेर्ना खरिद गरी वितरण गर्न कार्य सम्पन भएको छ ।
- कृषि क्षेत्रमा विभिन्न रोग तथा किरा नियन्त्रनको लागी विषाधी खरीद गरी सबै वडा कार्यालयका कृषि प्राविधिक मार्फत मागको आधारमा कृषकलाई वितरण गरिदै आएको छ ।
- कृषकहरुको सेवा सुविधाका लागी आबाश्यक्ता, औचित्य र मागको आधारमा क्रमश: कृषक समुहहरुलाई कुटानी पिसानी मिल खरिद गरी वितरणको लागी ठेक्का व्यवस्थापन भएको छ ।
- कृषिमा गुणस्तरको लागी कृषि प्राविधिकहरुलाई उचित तालीम र प्रशिक्षणको व्यबस्था मिलाएको छ ।
- संघिय संशर्त कार्यक्रम तर्फको रैथाने वाली समुहको संरक्षण प्रर्वद्धन तथा क्षेत्र विस्तार कार्यक्रम, विउ आलु उत्पादन तथा नयाँ आलु पकेट कार्यक्रम, गत बर्ष स्थापना भएका आलु पकेट कार्याक्रममा निरन्तरता र तेलहन बाली प्रर्वद्धन तथा क्षेत्र विस्तार कार्यक्रम संचालन गर्न कार्यविधि वमोजिम लक्षित वर्गका कृषक छनोट र पहिचान कार्य सम्पन्न भई निजहरुसगं सम्झौता गर्ने कार्य भैरहेको छ ।
- कृषि क्षेत्रको थप विकास र प्रर्वद्धन एवं परम्पारागत र निर्वाहमुखी कृषि पेशालाई आधुनिकिकरण र व्यवसायीकरण गर्नको लागी माटो परीक्षण गरी स्थानीय भुगोल , हावा पानी, र माटो सुहाउदो उत्पादन र उत्पादकत्व बृद्धि गर्न एक जना कृषि विकास अधिकृतको सेवा कारारमा लिई कार्य प्रारम्भ गरीएको छ ।
- यस गाउँपालिकाको मुख्य उतपादन आलु नै भएको र आलुजोनको रुपमा कार्यक्रम समेत हुदै आएकोमा यस गाउँपालिकाको अन्य कृषकहरुको जग्गा र खाली बाझोँ जग्गाहरुमा समेत गाउँपालिका समेतको सहभागिता र लागानीमा बृहत रुपमा आलु उत्पादन र उप्पादकतवमा बृद्धि गर्न आलु जोनलाई आलु सुपरजोनको रुपमा स्तोन्नती र सेवा प्रदान गर्न एवं गोकुलगंगा गाउँपालिकाको क्षेत्रमा कम्तीमा एउटा तरकारी तथा फलफूल चिस्यान केन्द्र निर्माणको लागि संघ तथा प्रदेश सरकार समक्ष सिफारीश सहित आवश्यक पहल गरिएको छ ।

## ३.२ पशुपन्छी तथा मत्स्य बिकास शाखा

- पशुपन्छी तथा मत्स्यहरुको लागि अति आवश्यक औषधी खरिद कार्यक्रमको लागि जम्मा रु. ७ लाख बजेट विनियोजन भएकोमा यसबाट १७१८७ गोटा पशुपन्छी तथा मत्स्य उपचार भएको छ । भालेपशु बन्ध्याकरण १९७७ गोटा भएको छ ।
- जोनोटिक तथा महामारी रोग नियन्त्रण ( रेविज /पि.पि.आर. / खोरेत /स्वइनफिवर ) खोप खरिद कार्यक्रमको लागि रु. ३ लाख रकम विनियोजन भएकोमा रेविज खोप र खोरेत खोप खरिदको क्रममा रहेको छ , साथै भेडा /बाखा को लागि पि.पि.आर खोप /बंगुर /सुगुरको स्वईन फिवर खोप भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्ध सिन्धुलीबाट प्राप्त भएको र सोहिनुसार ५००० भेडा /बाखा र १००० बंगुर /सुगुरमा खोप लगाएको छ ।
- पशुहरुको लागि हिउँदे जै घाँस र वर्षे डाले /भुई घाँसको विउ /बेर्ना वितरण कार्यक्रमको लागि जम्मा रु. ७ लाख रकम विनियोजन भएकोमा पशुपोषण कार्यक्रम अन्तरगत ३००० के.जी जै घाँसको विउ खरिद गरि कृषक ,कृषक समुह र कृषि फर्महरुलाई वितरण गरिएको छ ,त्यसमा रु.३लाख ७५ हजार बजेट खर्च भएको छ ।
- सर्जिकल सामाग्रीहरु खरिदमा रु.५ लाख बजेट विनियोजन भएको सोहिनुसार सर्जिकल सामाग्रीहरु खरिद गरी यस गा.पा. को सबै वडाहरुबाट र पशुपन्छी तथा मत्स्य विकास शाखा

बाट नियमित रुपमा पशुपन्छीहरुलाई सर्जिकल सेवा र औषधी उपचार सेवा सुचारु भएको छ , साथै यो कार्यक्रममा रु.५ लाख खर्च भएको छ ।

- यस गाउँपालिकाको सबै वडाहरु बाट र पशुपन्छी तथा मत्स्य विकास शाखाबाट ७-११ किसिमका औषधीहरु निशुल्क वितरण गर्न शुरु गरिएको छ ।
- एक वडा एक पशु सेवा प्राविधिक कार्यक्रम अन्तरगत यस गा.पा. को सबै वडाहरुमा पशु सेवा प्राविधिकहरुको व्यवस्था गरी सबै वडा कार्यालयबाट पशुपन्छीहरुको औषधी उपचार लगाएत भाले पशुहरुको बन्ध्याकरण साथै सामान्य सर्जिकल सेवा उपलब्ध भएको छ ।

## ३.३ उद्योग, बाणिज्य तथा सहकारी शाखा

- होटल तथा अन्य उद्योग व्यवसायहरु ४२ सहित हालसम्म कुल ५६४ वटा ५ लाख मुनिका उद्योग व्यवसायहरुलाई दर्ता तथा इजाजत पत्र प्रदान गरिएकोछ ।
- ५ लाख माथिका घरेलु तथा साना उद्योग कार्यालय मन्थली, रामेछाप र कम्पनी रजिस्टर कार्यालय, काठमाण्डौमा दर्ता भई विभिन्न व्यवसायहरु गाउँपालिका क्षेत्रभित्र संचालन गर्ने गरी ४२ वटा व्यवसायहरुलाई इजाजत पत्र प्रदान गरिएकोछ ।
- चालु आर्थिक वर्षमा यस कार्यालयबाट ३ वटा "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र समेत साविकमा जिल्ला विकास समिति मन्थली, रामेछापबाट इजाजत लिई यस यस कार्यालयमा हस्तान्तरण भएका समेत कुल १८ वटा "घ" वर्गको निर्माण व्यवसाय इजाजत पत्र यस कार्यालयबाट दर्ता नविकरण भई संचालनमा रहेकाछन् ।
- स्थानीय जलस्रोत ऐन तथा नियमावली बमोजिम हालसम्म ७ वटा जलस्रोत(खानेपानी, सरसफाई उपभोक्ता समिति) को मुहान् दर्ता भई कार्यक्रम प्रारम्भ भएकोछ ।
- गोकुलगंगा गाउँपालिका अन्तर्गतका विगतमा डिभिजन सहकारी कार्यालय दोलखामा दर्ता भएका विभिन्न सहकारी संस्थाहरु प्राय निस्कृय रहेको र सहकारी सम्बन्धी तथ्याङ्क समेत नभएको अवस्थामा चालु आर्थिक वर्ष २०७९/८० मा यस कार्यालयबाट सहकारी हेर्ने छुट्टै कर्मचारीको व्यवस्था गरी निजलाई सहकारी नियमन र संचालन सम्वन्धि विभिन्न तालिममा सहभागी गराईएको र यस कार्यालयबाट सूचना मार्फत सबै सहकारी संघ संस्थाहरुलाई सूचिकृतको लागि आव्हान गरिएकोमा कुल ४५ वटा सहकारी संस्थाहरु यस क्षेत्रमा भएको जानकारी प्राप्त भएको र तीमध्ये १५ वटा सहकारी संस्थाहरु सक्रियरुपमा संचालन भई कोपोमिसमा आवद्ध समेत गरिएकोछ । साथै निश्कृय सहकारी संस्थाहरुलाई समेत सक्रिय गराउन निजहरुको समस्या, चुनौती र बाधा अवरोधका बारेमा जानकारी लिई आवश्यक सहजीकरण, सहयोग र प्रशिक्षणको पहल भईरहेको छ ।

## ३.४ रोजगार सेवा केन्द्र

- प्रधानमन्त्री रोजगार तर्फ आ.ब.२०७९/०८० मा रोजगारी सृजनाको लागि केन्द्रबाट विनियोजित बजेट अनुसार आयोजना संख्या ३० वटा योजनाहरु रहेकोमा २० वटा योजना सम्पन्न भइ सकेको र १० वटा निर्माणाधीन छन् । जसमध्ये विनियोजित बजेट रकम रु. ९६,९७,०००.०० मध्ये हाल सम्म ६८,२५,७८८.०० ( ७०.३९ प्रतिशत) खर्च भएको छ । यस

2023.05

बाट सडक निर्माण ( सोलिङ, नाला, ग्याबिन जाली, गोरेटो बाटो आदि ) र वडा नं. ६ फर्पुमा गाउँपालिकाको साझेदारीमा खेलमैदान निर्माणको काम भएको छ ।

- आ.ब. २०७९/०८० मा भएको सूचीकृत बेरोजगार १,८७२ मध्ये ९८७ जना पुरुष, ८८५ जना महिला रहेको र कूल रोजगारीका लागि छनोट व्यक्ति २३७ मध्ये २११ जना नेपाल सरकार र २६ जना ले विश्व बैंक अन्तर्गत को काम गरेका छन् ।
- आगामी आ.ब. २०८०/०८१ को लागी २०७९ साल फाल्गुन १ गते देखि ३० गते सम्म सबै वडा बाट आएको निबेदन अनुसार कुल २०२९ बेरोजगार ब्याक्तिहरु सूचीकरण भएका छन् ।

## ३.५ राजश्व शाखा

- राजस्व संकलनलाई व्यवस्थित गर्न र रेकर्ड अध्यावधिक गराउन आवश्यक व्यबस्था मिलाईएको छ ।
- कार्यालयमा नगदी रसिद मार्फत जम्मा हुने तथा सबै वडा कार्यालयवाट यस शाखामा दाखिला हुने राजस्व रकम समय मै बैंकमा दाखिला गरी आर्थिक प्रशासन शाखामा राजस्व आम्दनी बांध्ने गरिएको छ ।
- हाल सम्म यस कार्यालयको राजस्व असुलिको विवरण यस प्रकार रहेको छ ।

| क्र.स. | राजस्वको शिर्षक | वार्षिक अनुमान | असुलि भएको विवरण | कैफिएत |
|---|---|---|---|---|
| १ | ढुङ्गा गिटी वालुवा ठेक्का | ४२,००,००० | २८,३४,००० | |
| २ | स्लेट ढुगा निकाशी | ५,००,००० | ३,४१,५०० | |
| ३ | विभिन्न सिफारीश प्रमाणित | ५,००,००० | ९९,१०० | |
| ४ | हाईड्रो पावारको निमार्ण सामाग्री ढुवानी | | ४,२१,७०० | |
| ९ | जल विधुत रोल्टी | ४,५०,००,००० | १,३४,००,००० | |
| | घर नक्सा पास व्यवसाय नविकरण टेन्डर फारम विक्रि | २०,३४,००० | ७,००,०३६ | |
| १० | व्यकुलोडर भाडा | २,००,००० | ७२,००० | |
| ११ | वडा नं. १ वाट सिफारिस दस्तुर/मालपोत दस्तुर | २,५०,००० | १,२०,१५० | |
| १२ | वडा नं. २ वाट सिफारिस दस्तुर/मालपोत दस्तुर | ३,००,००० | ३,३४,८३० | |
| १३ | वडा नं. ३ वाट सिफारिस दस्तुर/मालपोत दस्तुर | ४,००,००० | २,२०,४६५ | |
| १४ | वडा नं. ४ वाट सिफारिस दस्तुर/मालपोत दस्तुर | ३,५०,००० | १,३८,०८० | |
| १५ | वडा नं. ५ वाट सिफारिस दस्तुर/मालपोत दस्तुर | ३,००,००० | १,४४,८४७ | |
| १६ | वडा नं. ६ वाट सिफारिस दस्तुर/मालपोत दस्तुर | २,००,००० | ५२,७९९ | |
| १७ | विविध आम्दानी | ५,००,००,००० | ६३,००,००० | |
| जम्मा | | १०,४२,३४,००० | २,५१,७९,५०७ | |

## ४.पूर्वाधार विकास तर्फ

### ४.१ पूर्वाधार विकास, भवन नियमन तथा योजना शाखा

- पूर्वधार विकास विभाग, संघिय समपुरक अनुदान, संघिय विशेष अनुदान, प्रदेश समपुरक अनुदान, प्रदेश वित्तिय समानिकरण अनुदान, प्रदेश विशेष अनुदान, प्रदेश शर्सत अनुदान र यस कार्यालयको आन्तिरक स्रोत समेतबाट कार्यान्वयन हुने गरी निम्न आयोजनाहरु राष्ट्रियस्तरको प्रत्रिकामा सूचना प्रकाशन गरी इ-विडिङ मार्फत ठेक्का व्यवस्थापन भई निर्माण कार्य अन्तिम चरणमा पुगेकोछ ।

| क्र.स | योजनाको नाम | बिनियोजित रकम | सझौता रकम | सम्झौता भएको निर्माण कम्पनि |
|---|---|---|---|---|
| १ | गाउँपालिकाको कार्यालय भवन निर्माण | | १०८४४८४७०.७ | sunkoshi construction nepal |
| २ | बुर्के टगम देउरालि सडक स्तोरउन्नती कार्यक्रम | ८० लाख ६३ हजार | ११५३२६५७.८५ | gokulganga bulders Pvt Ltd |
| ३ | भिमसेनथान ललिवाकु लुते फर्पु वडाभवन सडक स्तोरोउन्नती | ९४ लाख २८ हजार | १०९५३२६४.५६ | Pharpu khimti nirman sewa |
| ४ | एक घर एकधारा खानेपानि निरन्तरताको लागी सामाग्री खरिद | १ करोड ५० लाख | ६६२५५१२.०५ | Hardware Nepal Pvt Ltd |
| ५ | जाली खरिद (प्रधानमन्त्रि रोजगार साझेदारी) | ८० लाख | ४१०२९००. | Mustang G.I Wire & Suppliers Pvt Ltd |
| ६ | ज्यामकिरी आधारभुत बिद्यालय भवन कम्पाउण्ड निर्माण तथा फर्निचर ब्यावस्थापन | ६० लाख | ७०९९९१४.१२ | Bhimeshwor nirman sewa |
| ७ | भित्तरी सिस्नेरी लिसेखोला हुदै उमाकुण्ड गापा सडक | ५० लाख | ३४१०३२९.२३ | parbal kushal nirman sewa |
| ८ | धौलेचाके फापरबारी कोश्याङखर्क जट्टापोखरी पाँचपोखरी पर्यटकिय सडक स्तोरोउन्नती | ३ करोड | २४९१०९९०.३३ | N/S Srijanshil J/V |
| ९ | बिद्यालय घेराबार तथा फर्निचर निर्माण भिनसेनथान आ.बि | ७५ लाख | ५०३९१९०.६५ | parbal kushal nirman sewa |
| १० | बिद्यालय पहिरो नियन्त्रण श्री माबि फर्पु | ७५ लाख | ५२०१२०८.७१ | parbal kushal nirman sewa |
| ११ | भिमसेनथान क्षेत्रीगाउँ ओख्रे धारापानि सडक | ५० लाख | ३०४८५१९.६५ | parbal kushal nirman sewa |

- गोकुलगंगा गाउँपालिकाको ६ वटै वडामा छनोट भइ उपभोक्ता समिति र दर्तावाला संघ / संस्था मार्फत संचालन हुने योजना र कार्यक्रमहरुको हाल सम्मको प्रगति बिवरण यस प्रकार रहेको छ ।

| वडा नं. | छनोट भएको योजना | सम्झौता भएको योजना | | | | सम्झौता गर्न बाकि योजना | सम्झौता प्रतिशत | योजना भुक्तानी संख्या | योजना भुक्तानी प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा सम्झौता फाइल | गाभिएको योजना | जम्मा योजना सम्झौता | जम्मा योजना सम्झौता फाइल | | | | | |
| 1 | 56 | 47 | 9 | 56 | 56 | 0 | 100.00 | 54 | 96.43 | |
| 2 | 38 | 34 | 0 | 34 | 34 | 4 | 89.47 | 33 | 97.06 | |
| 3 | 55 | 46 | 8 | 54 | 46 | 1 | 98.18 | 41 | 89.13 | |
| 4 | 48 | 41 | 3 | 44 | 41 | 4 | 91.67 | 33 | 80.49 | |
| 5 | 53 | 45 | 0 | 45 | 45 | 8 | 84.91 | 13 | 28.89 | |
| 6 | 35 | 30 | 0 | 30 | 30 | 5 | 85.71 | 19 | 63.33 | |
| प्रधानमन्त्री रोजगार | 30 | 30 | 0 | 30 | 30 | 0 | 100.00 | 20 | 66.67 | |
| **जम्मा** | **315** | **273** | **20** | **293** | **282** | **22** | | **213** | | |
| | | | | 93.02 | | 6.98 | | | 75.53 | प्रतिशत |

- एक घर एक धारा कार्यक्रम अन्तर्गत ६ वटै वडाहरुमा पाइप, फिटिङ्का सामाग्रीहरु वितरण समेत गरी कुल ५७६ वटा धारा र आवस्यकता अनुसार इन्टेक र ट्यांकी निर्माण कार्य उपभोक्ता समिति मार्फत गरिएको छ ।
- निर्माण सामाग्री लगायतको गुनस्तर परिक्षण गर्न प्राविधिक शाखामा ल्याब स्थापना र उपकरणको व्यवस्था गरिएकोछ ।
- व्यवस्थित, दिगो र नतिजामुलक विकासका लागि गाउँपालिका क्षेत्रमा हाल भएका र संभावित सडकहरुको समेत पहिचान गरी ग्रामिण यातायात गुरुयोजना निर्माण भएकोछ । यसबाट सडकको प्रयोग र स्थानीय आवश्यकतालाई हेरी सडक पूर्वधारको मर्मत र स्तरोन्नती गर्न सहज हुनेछ ।
- नेपाल सरकारको निर्णय, भू-आयोग ऐन र नीति अनुसार जग्गाको वर्गिकरण गरी सोही अनुसार उपयोग गर्ने उदेश्यले यस गाउँपालिका क्षेत्र भित्रको जग्गालाई कृषि, आवासिय, व्यवसायिक, औद्योगिक, खानी तथा खनिज , वन, नदी-खोला,सार्वजानिक उपयोग, सास्कृतिक

तथा पुरातात्वीक महत्वकाका आधारमा वर्गिकरण गर्न जग्गा वर्गिकरण तथा भू-उपयोग योजना निर्माण कार्य प्रारम्भ गरिएकोछ ।

- पाँचपोखरी जट्टापोखरी पर्यटकीय पूर्वधार निर्माण, ताँमे डाँडा पर्यटकीय पूर्वधार, भिमसेनस्थान, सातधारा तथा बोहोरी गंगाको विस्तृत परियोजना प्रस्ताव तथा फलफुल र तरकारीको संचय गर्न चिस्यान केन्द्र निर्माण, विभिन्न सडकहरु स्तरउन्नती र पक्की पुल निर्माणको लागि परियोजना प्रस्ताव तयार गरी संघ तथा प्रदेश सरकारमा बजेट माग गर्ने कार्य गरिएकोछ ।
- राष्ट्रिय भवन संहिता, भवन निर्माण मापदण्ड र यस कार्यालयको भवन निर्माण सम्बन्धी ऐन तथा कार्यविधि बमोजिम यस वर्ष १० वटा समेत हाल सम्म ७६ वटा नयाँ भवन निर्माण कार्यको लागि अनुमति प्रदान गरिएकोछ । साथै पुराना घर संरचनाहरुको समेत घर धनिको निवेदनको आधारमा स्थलगतरुपमा बुझी नियमानुसार घर अभिलेखीकरण समेत भएकोछ ।

## ५. <u>वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ</u>

- वर्षातको कारण बिग्रिएका सडक पूर्वधारहरुको सरसफाई तथा मर्मत सम्भार गरिएको छ ।
- तार जाली खरिद गरी सडक पूर्वधारहरुको आवश्यक स्थानहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रमसंग साझेदारी गरी जाली भर्ने कार्य गरिएको छ ।
- बाढी पहिरो लगायत प्राकृतिक विपदबाट पिडित परिवारहरुको राहत उद्दार तथा पुनस्थापनको लागि कार्यविधि अनुसार उचित राहात उपलब्ध गराउने कार्य गरिएको छ ।
- आपत विपदमा कार्यालयको व्याक होइ लोडर प्रयोग गरी आवश्यकता अनुसार विग्रे भत्किएका र अवरुद्ध सडकहरु संचालन गर्ने कार्य गरिएको छ ।

गोकुलगंगा गाउँपालिकाको उपरोक्त अनुसारका सेवा प्रवाह र विकास निर्माण कार्यमा समग्रमा चालु आर्थिक बर्ष २०७९/८० मा चालु तर्फ रु. ३३ करोड ८७ लाख ८० हजार र पुँजिगत तर्फ रु. ३१ करोड ४१ लाख ६६ हजार गरी जम्मा रु. ६५ करोड २९ लाख ४६ हजार विनियोजन भएकोमा चालु खर्च तर्फ हाल सम्म रु. २२ करोड ५ लाख ९३ हजार ९ सय १४ रुपिया १४ पैसा (६५.११ प्रतिशत ) रकम खर्च हुनका साथै पुँजिगत तर्फ रु. १४ करोड ४६ लाख ९६ हजार ४ सय १४ रुपैयाँ ९३ पैसा (४६.०५ प्रतिशत ) रकम खर्च भएको देखिन्छ । चालु र पुजिगत गरी कुल रु. ३६ करोड ५२ लाख ९० हजार ४ सय ४ रुपैया ०८ पैसा (५५.९४ प्रतिशत ) वितीय प्रगती हासिल भ़एको देखिन्छ ।

अन्त्यमा गोकुलगंगा गाउँपालिकाले आगामी दिनमा संचालन गर्ने समग्र विकास निर्माण कार्य एवं सेवा प्रवाहमा अझ बढी प्रभावकारिता र सुधार ल्याउन आम गाउँवासी नागरीहरुबाट अमुल्य एंव रचनात्मक सल्लाह र सुझावको अपेक्षा सहित " **शिक्षा,स्वस्थ्य,कृषि,पर्यटन र जलविध्युत पूर्वाधार - सुन्दर,समुन्नत र समृद्ध गोकुलगंगा निर्माणको आधार** " भन्ने गोकुलगंगा गाउँपालिकाको मुल नारा र संकलपलाई यथार्थमा रुपान्तरण गर्ने अभियानमा समस्त गोकुलगंगा गाउँवासीहरु हातेमालो गर्दै एक साथ अघि बढ्दै गोकुलगंगा गाउँपालिकालाई समृद्धी तर्फ लैजान सहयोग पुर्याउनुहुने सबैमा हार्दिक अनुरोध गर्दछु ।

**धन्यवाद ।**

2023.05.15